**प्रमुख तथा कार्यकारी अधिकृत विष्णुदत्त गौतमद्वारा**
**सिद्धार्थनगर नगरपालिकाको १८औं नगरपरिषद् बैठक समक्ष प्रस्तुत**
**आर्थिक बर्ष २०७२।०७३ को**
**बार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य**

**उपस्थित सहभागि मित्रहरु**

सर्वप्रथम सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७२।७३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पारित गर्न आयोजित १८औं नगरपरिषद् बैठकमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु । साथै यस अवसरमा नेपाली जनताको स्वतन्त्रता र समृद्धिको लागि भएका लोकतान्त्रिक आन्दोलनहरुमा आफनो जीवनको आहूति दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

जनचाहना अनुरुपको विकास निर्माण कार्य र लोकतन्त्रको संस्थागत सुदृढीकरणका लागि केन्द्र सरकारको प्रयत्नसंगै स्थानीय निकायहरुको पनि उतिकै महत्वपूर्ण भूमिका रहेको छर्लङ्ग नै छ । स्थानीय निकायको महत्व र सुन्दरता नै यसको निर्वाचित जनप्रतिनिधीमूलक चरित्र हुनु हो । जनचाहनाको परिपूर्तीसंगै स्थानीय निकायको महत्व र सुन्दरतालाई कायम गर्न पनि यी निकायहरुको निर्वाचन तत्काल हुन जरुरी देखिन्छ । निर्वाचित प्रतिनिधिको अनुपस्थितिमा कर्मचारीहरुबाट बैकल्पिक व्यबस्थापन गरिएको विशिष्ठ परिस्थितिमा यस नगरको विकास प्रयासलाई योजनावद्ध रुपमा व्यवस्थित गर्ने सन्दर्भमा नगरपालिकाको विधायिकी अंग नगरपरिषद्वाट आगामी आर्थिक वर्ष २०७२।०७३ को नीति, कार्यक्रम र वजेट यस गरिमाय समारोहमार्फत प्रस्तुत गर्न पाउंदा मलाई अत्यन्त खुशी लागेको छ ।

नगरको समग्र विकास प्रकृयालाई गति प्रदान गर्ने नेतृत्वदायी भूमिका नगरपालिकाको हुने तथ्यलाई आत्मसात गर्दै पूर्व योजना तर्जुमा गोष्ठीबाट निर्धारित निती अनुरुप वडा भेलाहरुको आयोजना गरी प्राप्त भएका मागहरुलाई एकिकृत योजना तर्जुमा समितिको बैठकबाट प्राथमिकता निर्धारण गरी छनौट गरिए अनुरुप नगरपालिकाको बैठकबाट समेत निर्णय भएका योजना तथा कार्यक्रमहरु नगरपरिषद् समक्ष प्रस्तुत भएका छन् । योजना तर्जुमा प्रक्रियाका यी सवै चरणहरुमा नगरस्तरिय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, कार्यालय तथा संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु र सरोकारवालाहरु सबैको सहभागिता, समन्वय र सहयोगले हामी यो घडिसम्म आइपुगेको व्यहोरा यस अवसरमा म सहर्ष स्मरण गर्न चाहन्छु ।

सिद्धार्थनगर विकासको दृष्टिले अत्यन्त संभावनायुक्त क्षेत्र भए पनि आर्थिक, समाजिक र भौतिक विकासका दृष्टिले अझै पनि आशातित् उपलब्धी हासिल गर्न सकेको छैन । विगतमा हामीले गरेका विकासका अथक प्रयत्नहरुका बाबजुद पनि आम जनसमुदायबीच अपेक्षित रुपमा आर्थिक विकासको प्रतिफल समान वितरण नभएको, नगरक्षेत्र भित्रका विभिन्न बर्ग र समुदायबीच असमानताको खाडल कायमै रहेको र भौतिक विकासको लाभ पनि नगरका सवै क्षेत्रमा समान रुपमा पुग्न नसकेको स्थिति कायमै छ । विकासका अवसरहरुलाई विपन्न र पिछडिएको समुदायसम्म पुऱ्याउन आवधिक नगर विकास योजना, नगरस्तरीय सडक गुरूयोजना, विपन्नता स्तरीकरण, स्रोत नक्साङ्कन जस्ता उपलब्ध आधारभुत सूचनाहरु योजना तर्जुमा कार्यमा उपयोग हुन नसक्दा हाम्रा योजना तथा कार्यक्रमहरु अझ पनि उपलब्धीमूलक हुन सकिरहेका छैनन् ।

सिद्धार्थनगरको समग्र विकासका लागि हाम्रा सामु विभिन्न समस्या र चूनौतीहरु मात्र होईन, समुन्नती तथा समृद्धिका लागि प्रचुर संभावनाहरु समेत विद्यमान रहेका छन्:

- यो नगर पश्चिमाञ्चल विकास क्षेत्रकै लागि भारत नेपाल प्रबेशको प्रमुख नाका भएको हुंदा यहां उद्योग र व्यापार व्यसायको विकासका लागि अनन्त अवसरहरु उपलब्ध छन् ।
- गौतम बुद्धको जन्मस्थल लुम्बिनी नजिकै रहेको प्रमुख शहर भएको कारण पर्यटन व्यबसायबाट यहांका वासिन्दाहरुले ठूलो लाभ प्राप्त गर्न सक्दछन् ।
- गौतम बुद्ध विमानस्थललाई अन्तराष्टिय विमानस्थलको रुपमा स्तरोन्नती गर्ने सरकारको योजनाले यसक्षेत्रको आर्थिक गतिविधीहरुमा ठूलो परिवर्तन ल्याउने छ ।

- सुनौली बुटवल सडक विस्तार गरी ६ लेनको सडक निर्माण कार्य सम्पन्न हुंदा यस क्षेत्रको आर्थिक गतिविधीहरुमा अकल्पनिय बृद्धि हुने संभावना छ ।
- नगर क्षेत्रभित्र उपलब्ध सार्वजनिक तथा पर्ति जग्गाहरुको प्रचूरताले नगरविकासका आधारभूत पूर्वाधारहरुको निर्माणमा सहजता उत्पन्न गरेको छ ।
- नगरभित्रका ग्रामीण वस्तीहरुमा कृषिको व्यबसायिकरण गर्न सकिने प्रशस्त संभावना रहेको छ ।
- विकास निर्माणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संस्थाहरुको सहयोग एबं निजीक्षेत्रसंगको सहकार्य र सामञ्जस्यतामा बृद्धि भैरहेको छ ।
- जनताको सशक्तिकरण, जनचेतनामा अभिबृद्धि संगै राष्टिय नीति निर्माणमा महत्वपूर्ण भूमीका निर्वाह गर्नसक्ने राजनैतिक नेतृत्व जिल्लाभित्र उपलब्ध छ ।

**उपस्थित महानुभावहरु,**
अव म गत आ. व. २०७०।०७१ र चालु आ.व.को प्रथम ६ महिनाको अवधिमा हामीले हासिल गरेका मुख्य मुख्य उपलव्धीहरुबारे संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु ।

भौतिक पूर्वाधारतर्फ गत आर्थिक वर्ष २०७०।७१ मा ३.५ कि.मि. सडक पिच गरिएको, ६ कि.मि. सडक पिच मर्मत गरिएको, ५.५ कि.मि. सडक ग्राभेल गरिएको तथा ४ कि.मि. सतह ढल निर्माण गरिएको छ । नगर सरसफाई, दमकल, सडक बत्ति व्यबस्थापन जस्ता नियमित सेवाहरुलाई सकेसम्म प्रभावकारी बनाउने प्रयत्न गरिएको छ । ७ नं. वडालाई खुल्ला दिसामुक्त घोषणा गरिएको छ । १० नं. वडामा नगर स्वास्थ्य चौकी निर्माण कार्य सम्पन्न भएको छ । बैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यको थालनी गएिको छ । वेभ साइट व्यबस्थापन गरी नगरका आवश्यक सूचनामा सरोकारवालाहरुको पहुंच बृद्धि गरिएको छ । वार्षिक तथा चौमासिक प्रगति समीक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र पत्रकार भेटघाट जस्ता पारदर्शिताका औजारहरुको अबलम्बन गरिएको छ । मासु जांच कार्यविधी तथा योजना अनुगमन सम्न्धी कार्यविधिहरु स्वीकृत गरी अनुगमनको कार्यलाई थप व्यवस्थित वनाइएको छ । नगरपालिकाको संस्थागत क्षमतामा भएको क्रमिक सुधारको कारण स्थानीय निकाय वित्तिय आयोगद्वारा गरिने न्युनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजामा सुधार भई आ.व. ०६९।७० को मूल्यांकनमा ८२ अंक प्राप्त गरेको छ ।

एकिकृत शहरी विकास कार्यक्रमतर्फ परामर्शदाता र गैर सरकारी संस्था छनौट भै सतह ढल तथा सडक निर्माण कार्यको डिजाइन स्टीमेट तयार गरी निर्माण कार्यको ठेक्का संझौता गर्ने कार्य सम्पन्न भएको छ । फोहर मैला व्यबस्थापन सम्बन्धी समस्याको दीर्घकालिन समाधानको लागि छिमेकी पटखौली गाविसमा ६ विगाह जग्गा खरिद गरि स्यानिटरी ल्याण्डफिल साइट निर्माणका लागि सर्भे,डिजाइन तथा लागत अनुमान स्वीकृत भै निर्माण कार्यको लागि बोलपत्र स्वीकृतीको चरणमा रहेको छ । यस संगसंगै सो जग्गाको वाताबरणीय प्रभाव मूल्यांकन स्वीकृत गराउने र बैकल्पिक मार्ग निर्माणका लागि जग्गा प्राप्त गर्ने कारबाही पनि भैरहेको छ । सोही आयोजनातर्फ स्थानीय विपन्न बस्तीहरुमा ससाना भौतिक पूर्वाधार विकासका योजना संचालन गर्न र आयअर्जन र सीपमूलक तालिम प्रदान गरी त्यस्ता बस्तीका बासिन्दाहरुको गरिबी न्यूनीकरण गर्न विभिन्न वडाका २० वटा बस्तीहरुको पहिचान गर्ने कार्य सम्पन्न भएको छ ।

एकीकृत सम्पत्ति करको प्रभावकारी कार्यान्वयन, आफै उपयोगमा ल्याउन नसक्ने सम्पत्ति लीजमा दिने, पार्किङ्ग शुल्क तथा विज्ञापन करमा बृद्धि तथा व्यबसाय कर उठाउन घुम्ती टोली परिचालन जस्ता उपायहरुको अबलम्बन गरी गत आर्थिक बर्षमा आन्तरिक स्रोतको आयमा उल्लेखनीय बृद्धि गरिएको छ । यस्तो बृद्धि अघिल्लो बर्षको तुलनामा .... ले बढी रहेको छ ।

**योजना तर्जुमाका आधारहरु**
आर्थिक वर्ष २०७२।०७३ को नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा निम्नलिखित विषयबस्तुहरुलाई अधार मानी योजना तर्जुमा गरिएको छ :

- वडा भेलावाट प्राप्त भएका मागहरु
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६
- श्रोत परिचालन कार्यविधि, २०६९
- नेपालको अन्तरीम संविधान, २०६३
- नेपालको त्रिबर्षिय योजना

- रा.यो.आ. र मंत्रालयबाट प्राप्त निर्देशनहरु
- प्रथम आवधिक नगर विकास योजना,
- दातृ निकायसंगको संझौताहरु
- नगर यातायात गुरु योजना
- सहस्राव्दी विकास लक्ष्यहरु
- स्रोत साधनको उपलब्धता
- राजनैतिक सहमति, आदि

अव म नगरको एकिकृत विकासका लागि आगामी आर्थिक बर्ष २०७२।०७३ मा अवलम्बन गरिने नीतिहरु प्रस्तुतिका लागि अनुमति चाहन्छु ।

**१) भौतिक विकासतर्फ :**

- नगरका प्रमुख सडक तथा नगर क्षेत्रको सतह ढलको मुख्य संजाललाई एशियाली विकास बैंकको अनुदान तथा नगर विकास कोषको ऋण सहयोगमा संचालित एकीकृत शहरी विकास आयोजना अन्तर्गत विस्तार तथा पुननिर्माण गरिने छ ।
- जगेडा कोषबाट तथा सडक बोर्डबाट प्राप्त हुने अनुदानलाई नगर यातायात गुरुयोजना समेतका आधारमा नगरको सबै वडाहरुमा सन्तुलन कायम हुने गरी सतह ढल तथा सडक कालोपत्रे गर्ने कार्यमा परिचालन गरिनेछ ।
- सार्वजनिक तथा पर्ति जग्गाको लगत अध्यावधिक गरी संरक्षणका लागि आवश्यक प्रयत्न गरिने छ ।
- सडक ग्राभेल गर्ने कार्यका लागि नगरपालिका र स्थानीय जनताको लागत सहभागितामा उपभोक्ता समितिहरुबाटै कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।
- भवन निर्माण आचारसंहिताको प्रभावकारी कार्यान्वयनका साथै सडक अधिकारक्षेत्र एबं सार्वजनिक जमिन मिच्ने गरी संरचना निर्माण गर्न नदिने नितीलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।
- सडक बत्तिको प्रभावकारी व्यबस्थापनका लागि पोल नम्बरिङ्ग गर्ने कार्यमा निजी क्षेत्रसंगको सहकार्यमा जोड दिइनेछ । साथै विद्युत सामग्रीको खपत सम्बन्धी अभिलेख व्यबस्थापनका लागि आवश्यक सफ्टवेयर तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- भूउपयोग नीतिको कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।

**२) सामाजिक क्षेत्रको विकासतर्फ :**

- प्रारम्भिक बाल विकास केन्द्रको भौतिक विकास र सिकाई सामाग्रीको उपलब्धतामा जोड दिइनेछ । साथै बालमैत्री स्थानीय शासन पद्धतिको अबलम्बन गरिनेछ ।
- विद्यालय तहका खेलकुद गतिविधीहरुमा आवश्यक सहयोग उपलब्ध गराइनेछ । यस क्षेत्रको पूर्वाधार विकास तथा खेल गतिविधिहरुमा सरकारी अनुदानमा उल्लेखनीय बृद्धिका लागि नेपाल सरकारको सम्वन्धित निकायमा अनुरोध गरिनेछ ।
- शहरी स्वास्थ्य केन्द्रको सुदृढीकरण गर्दै सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउन आवश्यक पहल गरिनेछ । साथै स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकासमा समुचित जोड दिइनेछ ।
- वाताबरण मैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयन तथा फोहरमैला व्यबस्थापनमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप निजी क्षेत्रको संलग्नतामा बृद्धि गर्न जोड दिइनेछ ।
- विशेष सरसफाई अभियान संचालन गरी नगर सफाईमा जनसहभागिता अभिबृद्धि गरिनेछ । साथै फोहरमैला व्यबस्थापन ऐनका दण्डात्मक व्यबस्थाहरुलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।
- सन् २०१५ भित्र नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने गरी सरकारी तथा गैरसरकारी क्षेत्रको स्रोतलाई समन्वयात्मक ढंगले परिचान गरिने छ ।
- दैनिक रुपमा उत्पादन हुने जैविक फोहरमैलाबाट विद्युत उत्पादन गर्न सकिने विषयमा अध्ययनका लागि आवश्यक पहल गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणको लागि विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने स्रोतमा बृद्धि गर्न जोड दिइने छ । कोषको संचालनका लागि छुट्टै विनियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- दमकल संचालन खर्चमा मितव्ययीत कायम गरी प्रभावकारी रुपले सेवा प्रबाह गर्ने व्यबस्था मिलाउन जिल्लाका सबै नगरपालिकाहरुको स्थानीय निकाय संयुक्त समितिलाई सकृय बनाइने छ ।
- बृक्षारोपण तथा वाताबरण संरक्षणका लागि जनसहभागिता अभिबृद्धि गर्न जोड दिइनेछ ।
- साहित्य, कला र संस्कृतिको विकासका लागि आवश्यक पहलकदमी गरिनेछ ।

**३) आर्थिक क्षेत्रको विकासतर्फः**

- युवा जनशक्तिको बढ्दो विदेश पलायनलाई रोक्न स्वरोजमूलक सिप विकास र व्यबसायिक कृषितर्फ आकर्षित गर्न प्रोत्साहन गरिने छ ।
- नागरिक सचेतना केन्द्रहरु मार्फत संचालन हुने कार्यक्रमहरुलाई व्यवसायिक कृषि विकासको माध्यमद्वारा गरिबी निवारण गर्नेगरी संचालन गर्न जोड दिइनेछ ।
- एकीकृत शहरी विकास आयोजना तर्फ संचालन हुने सिपमूलक तालिम तथा आय आर्जनका गतिबिधीहरुलाई प्रभावकारी ढंगले संचालन गर्न आवश्यक व्यबस्था मिलाइनेछ ।
- पर्यटन विकासका लागि पार्क तथा पिकनिकस्थलहरुको संभाव्यता अध्ययन एबं निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिने क्षेत्रहरुको खोजी गरिनेछ ।
- पर्यटन, उद्योग, व्यापार, कला संस्कृति आदिको प्रबर्द्धनका लागि निजीक्षेत्रका संस्थाहरुद्वारा आयोजना गरिने मेला महोत्सबहरुलाई यथासक्य सहयोग उपलब्ध गराउने नितीलाई निरन्तरता दिइनेछ ।

**४) लक्षित तथा समाबेशी विकासतर्फ :**

- लक्षित वर्गको कार्यक्रम छनौट गर्दा त्यस्ता वर्गको  आय आर्जन, सीप विकास र क्षमता अभिबृद्धिमा जोड दिइनेछ ।
- लक्षित वर्गका कार्यक्रम छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सम्बन्धित बर्गको प्रत्यक्ष संलग्नतालाई सुनिश्चित गरिनेछ । यसका लागि नगर तहमा आवश्यक संस्थागत संयन्त्र गठन गरी कृयाशलि गराइनेछ ।
- उच्च जोखिम अवस्थामा रहेका अपांग र जेष्ठ नागरिकहरुको तत्काल राहतका लागि राहत कोषको स्थापना गरी सो को प्रभावकारी सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- लक्षित कार्यक्रमहरु संचालन गर्दा विपन्न समुदायको हीत हुने गरी सञ्चालन गर्न जोड दिइनेछ ।

**५) संस्थागत सुदृडीकरण, सुशासन तथा दिगो विकासतर्फ :**

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई अझ बढी व्यबस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।
- योजना कार्यान्वयन तहमा पारदर्शिता कायमगर्न ठेक्कापट्टामा विद्युतिय प्रणाली (ebidding) को उपयोगमा जोड दिनुका साथै आयोजना सूचनापाटी तथा सार्वजनिक परिक्षणलाई समेत प्रभावकारी बनाइनेछ ।
- नगरपालिकाका गतिविधि र सूचनाहरु प्रगति प्रतिवेदन, स्थानीय पत्रपत्रिका, रेडीयो, टेलिभिजन तथा वेभसाइट मार्फत प्रकाशन र प्रसारण गरिने छ ।
- नगरपालिकाबाट गरिने सेवा प्रवाह तथा योजना कार्यान्वयन प्रणालीको बारेमा प्रत्येक चौमासिकमा कम्तिमा १ पटक सार्वजनिक सुनुवाई गरिनेछ ।
- नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्नको निमित्त सूचना अभिलेखीकरण सम्वन्धी क्षमता विकासमा जोड दिइनेछ ।
- नगरपालिकाबाट संचालन हुने विकास निर्माणका कामहरुमा गुणस्तर कायम गर्न अनुगमन, सुपरिबेक्षण तथा मूल्यांकन कार्यलाई अझ बढी प्रभावकारी वनाइनेछ ।
- नगरमा क्रियाशिल सवै पत्रकारहरुसंग नियमित अन्तरक्रिया गरी संचालित विकास निर्माण, वस्तु र सेवा प्रवाहको अवस्थावारे जनतालाई सुसूचित गर्ने पद्धतिलाई अवलम्बन गरिने छ ।
- बक्यौता व्यबसाय कर असूली, करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने, संभाव्य र उपयुक्त ठाउंहरुमा पार्किङ्ग शुल्क लगाउने, करका दरहरुमा समयानुकुल परिमार्जन जस्ता कार्यहरु गरी नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्धि गर्न जोड दिइनेछ ।
- नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सफ्टवेयरको व्यबस्था तथा कर्मचारीहरुको क्षमता विकास एबं संगठनात्मक अध्ययन लगायत आवश्यक संस्थागत सुधार गरिनेछ ।
- वडासमितिहरुको कामलाई अझ बढी फराकिलो र प्रभावकारी बनाउनुका साथै कर्मचारी प्रशासनमा  दण्ड र पुरस्कारको नीतिलाई अझ बढी प्रभावकारी बनाउदै लगिनेछ ।

**उपस्थित महानुभावहरु,**

अव म माथी उल्लिखित नीति तथा कार्यक्रमहरुको कार्यन्वयनको लागि आगामी आर्थिक वर्ष २०७२।०७३ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आ.व.को लागि नगरपालिकाको कुल बजेट रु ५४ करोड ८१ लाख ८५ हजार रहेको छ । जसमा प्रशासनिक खर्चमा ४ करोड ९७ लाख ७० हजार अर्थात कुल बजेट रकमको ९.०७

प्रतिशत छ भने चालु तर्फको कार्यक्रम खर्च ३ करोड ३४ लाख १५ हजार अर्थात ६.१ प्रतिशत रहेको छ। पूंजिगत खर्चतर्फ ४६ करोड ५० लाख अर्थात कुल बजेट रकमको ८४.८३ प्रतिशत रहेको छ।

यस नगरपालिकाले आगामी आ.व.२०७२।७३ को लागि आन्तरिक आयतर्फ कर, दस्तुर, शुल्क समेतबाट गरी ५ करोड २६ लाख ८५ हजार, नेपाल सरकारको अनुदान तर्फ ४ करोड ५५ लाख, राजस्व वांडफांड रजिष्ट्रेसन दस्तुरतर्फ ६० लाख, सडक वोर्ड तर्फ ८० लाख, जगेडा कोषबाट रु १ करोड ५० लाख, एकीकृत शहरी विकास आयोजनतर्फ एशियाली विकास बैंकको अनुदान रु ३२ करोड, नगर विकास कोषको ऋण रु ६ करोड, जिल्ला विकास समितिबाट प्राप्त हुने अनुदान रु १३ लाख, नगर विकास कोषको सहयोगमा संचालित योजनामा अनुदान रु २५ लाख र ऋण रु २० लाख, जनसहभागिता बापत रु १२ लाख, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ ३५ लाख तथा सामाजिक सुरक्षा भत्तामा रु १ करोड ५० लाख प्राप्तहुने अनुमान गरिएको छ।

अब म आगामी बर्ष नगरपालिकाले गर्ने लगानीका मुख्य मुख्य प्राथमिकताहरुलाई उल्लेख गर्ने अनुमति चाहन्छु।

आगामी आर्थिक बर्षमा नगरपालिकाबाट गरिने लगानीमध्ये भौतिक पूर्वाधारमा ४५ करोड ५५ लाख ( ८३.१० प्रतिशत), सामाजिक विकासमा ३ करोड ४७ लाख १५ हजार (६.४ प्रतिशत), आर्थिक विकासमा १५ लाख ४५ हजार (०.३ प्रतिशत), र संस्थागत क्षमता विकास (प्रशासनिक समेत) तर्फ रु. ५ करोड २४ लाख (९.६ प्रतिशत) प्रस्ताव गरिएको छ। भौतिक पूर्वाधारतर्फ विनियोजित रकममध्ये सडक तथा सतह ढलमा रु ४४ करोड २० लाख प्रस्ताव गरिएको छ। सरसफाइतर्फ खुल्ला दिसामुक्त कार्यक्रम समेतका लागि ९५ लाख, सडक बत्ति व्यबस्थापनका लागि रु. ३० लाख प्रस्ताव गरिएको छ।

सामाजिक विकास अन्तर्गत महिला, बालबालिका, दलित, जनजाति, अपांग, जेष्ठ नगारिक, मुश्लिम आदि लक्षित वर्गको विकासका लागि रु ३५ लाख ७० हजार प्रस्ताव गरिएको छ। संस्थागत श्रोततर्फ विनियोजित रकमबाट सामाजिक परिचालन, क्षमता विकास, पारदर्शिता अभिबृद्धि, आन्तरिक आयबृद्धि तथा संस्थागत सुदृढीकरण जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछन्।

नीति, कार्यक्रम र बजेटको विस्तृत विवरण नगर विकास योजना पुस्तिकामा प्रकाशित गरिने छ।

**उपस्थित महानुभावहरु,**

जनताका उर्लदो इच्छा, आकांक्षा र आवश्यकताको तुलनामा नगरपालिकामा प्राप्त हुने श्रोत साधन अत्यन्त न्यून हुने हुंदा जनताका सबै माग एबं चाहनालाई आगामी बर्षको कार्यक्रममा समाबेश गर्न सकिएको छैन। नगरपालिकाको आन्तरिक स्रोत कम भएको कारणले पनि हामीलाई थप कठिनाई उत्पन्न भएको छ। तसर्थ, उपलब्ध स्रोतबाट मात्र सम्पन्न हुन नसक्ने योजनाहरुलाई जिल्ला र केन्द्रिय निकायहरुमा अनुरोध गर्ने निर्णय गरिएको छ। कार्यक्रम तर्जुमा गर्दा वडा भेलाबाट प्राथमिकता सहित माग भै आएका योजनाहरुलाई मात्र कार्यक्रममा समाबेश गरिएको हुंदा यसले जनताका आवश्यकताहरुलाई पूर्ण रुपमा प्रतिबिम्वित गर्ने अपेक्षा गरिएको छ।

योजना तर्जुमा प्रकृयामा सहभागी हुनुहुने राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, वडा नागरिक मञ्चका पदाधिकारीज्यूहरु, वडासचिवहरु, सञ्चार क्षेत्रसंग सम्बन्धित व्यक्तित्वहरु, गैर सरकारी क्षेत्र तथा संघसंस्थाका प्रतिनिधिज्यूहरु एवं नागरिक समाजका व्यक्तित्वहरु, सामाजिक परिचालकहरु लगायत सहकर्मी कर्मचारीहरु समेत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आगामी दिनमा सबै क्षेत्रबाट अझ बढी सहयोग र सद्भाव प्राप्त हुने आशा एबं विश्वास लिएको छु। धन्यवाद।

विष्णुदत्त गौतम
कार्यकारी अधिकृत
२८ पौष, २०७१